कोल्हवी नगरपालिका
कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

## माटो नमुना लिनको लागि आवश्यक पर्ने सामग्रीहरु:

१. नमुना लिने स्वायल अगर वा खुर्पि वा कोदालो ।
२. नमुना संकल गर्ने बाल्टीन वा झोला वा थैली ।
३. माटो फिजाउन कागज वा प्लाष्टिक वा कपडा वा नाङ्लो ।
४. टयाग वा लेवल ।
५. मसि नमेटिने खालको मार्कर पेन ।

## अन्नबाली तथा तरकारी बालीको लागि माटोको नमुना संकलन कसरी गर्ने ?

माटोको नमुना कसरी र कति संख्यामा लिने कुरा जग्गाको बनोट,माटोको रंग, माटोको उर्वराशक्ति आदि अनुसार हुन्छ ।माटोको नमुना कोदालो वा स्वायल अगर वा खुर्पिले लिन सकिन्छ । नमुना लिदा बाली कटानी गरी खाली रहेका जग्गाबाट तल उल्लेखित चित्र नं.१ अनुसारको अंग्रेजी अक्षर S वा W वा Z मध्ये कुनै एक विधि अनुसार माटोको नमुना संकलन गर्न सकिन्छ ।

चित्र नं. १




- ❖ सर्व प्रथम माटोको नमुना झिक्ने ठाउ वरिपरिको घाँस,झारपात,ढुङ्गा आदी हटाउने ।
- ❖ तल उल्लेखित चित्र नं. २ अनुसारको अंग्रेजी अक्षर V आकारको करीव ८-१० ईन्च गहिरो खाडल बनाउने ।
- ❖ उक्त V आकारको छडके सतहबाट ३ से.मि.मोटाई जतिको माटो निकाल्ने ।
- ❖ नमुना लिएको माटोलाई बाल्टीन वा थैलामा राख्ने ।
- ❖ माटोको नमुना संकल गर्दा एउटा प्लटको १०-१२ स्थानबाट माटोको नमुना लिनु पर्दछ ।
- ❖ संकलित भएको माटोलाई रुख मुनी छहारीमा वा अन्य घाम नलाग्ने ठाउँमा सुकाई ओभानो हुन दिनु पदर्छ र झारपात ,ढुङ्गा भए हटाउनु पर्दछ ।
- ❖ ओभानो भएको माटोलाई धुलोपारी मिसाउनु पर्दछ ।
- ❖ चित्र नं. ३ अनुसार माटोलाई प्लाष्टिक वा ठुलो पेपरमा फिजाएर बरावर चारभाग लगाई उक्त चारभाग मध्ये २ भाग राखी बाँकी माटो फ्याक्नु पर्छ ।पुनः चारभाग लगाई दुई भाग राखी बाँकी दुई भाग माटो फाल्नु पर्दछ ।
- ❖ माटो आधा किलो नभए सम्म उक्त प्रक्रिया दोहोराई राख्नु पर्दछ ।

CS CamScanner

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

चित्र नं. ३



नमुना संकलन गरिएको माटोलाई ठुलो पेपरमा राखी बरावर चारभाग लगाउने ।

चारभाग लगाएको माटोलाई दुई भाग मात्र राखी बाँकी दुई भाग फ्याक्ने ।

बाँकी रहेको माटोलाई पुनह चार भाग लगाउने ।

फेरी दुई भाग राखी र बाँकी दुई भाग फ्याक्ने ।

माटो आधा किलो नहुनजेल सम्म माथि गरेको प्रक्रिया दोहर्याई राख्ने ।

अव तैयार भएको माटोको नमुनालाई एउटा बलियो प्लास्टिक थैलामा राख्नुहोस र थैलाभित्र माथि उल्लेखित विवरणहरु खुलाई माटो जाँचको लागि कोल्हवी नगरपालिकाको कृषि विकास शाखामा संकलन गराउनुहोस ।

CamScanner

❖ माटोको नमुना आधा किलो भएपछि एउटा बलियो खाले प्लाष्टिकको झोलामा राखे र उक्त झोलाभित्र निम्न बमोजिमको विवरण खुलाई माटो जाँचको लागि कृषि विकास शाखामा संकल गराउनु पर्दछ ।

**माटोको थैला भित्र राखुपर्ने विवरणहरुः**

(क) कृषकको नाम ......................................

(ख) ठेगाना ...............................................

(ग) माटो नमुना लिएको मिति ........................

(घ) माटो नमुना लिएको खेतको नाम ...............

(ङ) माटोको नमुना संकलन गर्नु अधि लगाईएको बालीको नाम ..............

(च) प्रति कठा रसायनिक मलखाद प्रयोग गरिएको मात्रा.....................

(छ) सिंचाईको सुविधा .................................

(ज) माटोको नमुना संकलन गरिएको ठाउँमा पानी निकासको सुविधा ..........

(झ) माटो परिक्षण पछि लगाउन चाहेको बालीको नाम .................

(ञ) सम्पर्क नं. ............................

❖ चित्र नं. २



## कस्तो ठाउँको माटोको नमुना लिनु हुदैन ?

- गोठेमल थुपारेको ठाउँको ।
- बाली लगाएको वा भर्खर मलखाद छरेको जग्गाको ।
- पानी जमेको वा गिलो भएको जग्गाको ।
- रुख मुनिको वा छाँया परेको ठाउँको ।

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
कोल्हवी, बारा

CamScanner